# अध्याय एक

# शोधपरिचय

## १.१ विषय प्रवेश

निबन्ध साहित्यका विविध विधाहरूमध्येको एउटा प्रमुख सृजनात्मक विधा हो । यो आख्यान विधाअन्तर्गत पर्दछ । साहित्यका फरक-फरक विधाले भाषिक सीप विकास गराउने ध्येय राखेको हुन्छ । त्यस्तै निबन्ध विधामा पनि भाषाका चारैवटा सीप (सुनाइ, बोलाइ, पढाइ र लेखाइ) को विकास गराउने लक्ष्य रहेको हुन्छ । निबन्ध विधा आफैमा रुचिलाग्दो विषय भएकाले यसैको माध्यमबाट विद्यार्थीमा भाषिक सीपको विकास गराउन महत्त्वपूर्ण भूमिका रहने गर्दछ ।

शब्द भन्नाले अक्षरहरू मिलेर बनेको स्वतन्त्र अर्थ दिने भाषिक एकाइ शब्द हो । व्याकरणिक दृष्टिले शब्द रूपभन्दा माथिल्लो र पदावलीभन्दा तल्लो व्याकरणिक एकाइ हो । निबन्ध विधालाई सम्पन्न गर्नका लागि विषयवस्तुअनुसारको विभिन्न स्रोत र संरचनाका शब्दहरू के-कसरी निर्माण र प्रयोग भएका छन् भनी पत्ता लगाउने काम शोधार्थीले गर्दछ ।

शोधशीर्षक *कक्षा दसको नेपाली किताब*मा निबन्ध विधामा समाविष्ट शब्दभण्डारको अध्ययन' का लागि मुख्य क्षेत्र पाठ्यपुस्तक नै रहेको छ । शब्दभण्डारको अध्ययन सन् १९२६ मा पियाजेले *बालकको भाषा र विचार* पुस्तकमा बाल भाषाको अध्ययन प्रस्तुत गरेका छन् । त्यस्तै अङ्ग्रेजी मातृभाषी बालबालिकाको भाषा विकाससम्बन्धी अध्ययन रिचर्डस, स्मिथ, बेरी क्रिष्टले गरेको पाइन्छ। यसरी शब्द भन्डारसम्बन्धी अध्ययन कार्य अगाडि बढ्दै आएको देखिन्छ ।

*कक्षा दसको नेपाली किताब*को निबन्ध विधामा समाविष्ट शब्दहरूको स्रोत, काय र बनोटका दृष्टिले कस्ता छन् ? यी समस्याहरूमा केन्द्रित रही अनुसन्धानलाई अगाडि बढाइएको छ । शब्दभण्डारणगत अध्ययन विभिन्न विधा तथा उपविधाहरूमा प्रशस्त मात्रामा भएका छन् तर *कक्षा दसको नेपाली किताब*मा समावेश भएका निबन्ध विधामा समाविष्ट शब्दभण्डारगत अध्ययन नभएको हुनाले यस शीर्षकअन्तर्गत अध्ययन गर्न लागिएको हो । अझ नेपाली भाषाका विद्यार्थी र शिक्षकका लागि महत्त्वपूर्ण सहयोग गर्नेछ भन्ने उद्देश्यले नै प्रस्तुत अनुसन्धानको शीर्षक छनोट गरिएको हो ।

## १.२ समस्या कथन

समस्या नै अनुसन्धानको प्रमुख विषय हो । जुन समस्यामाथि अध्ययन गरिने हो त्यसमाथि शोधार्थी पूर्णरूपमा परिचित हुनुपर्दछ । यसैको आधारमा माध्यमिक विद्यालय तहको *कक्षा दसको नेपाली किताब*को निबन्ध विधामा प्रयुक्त शब्दभण्डारको अध्ययन नै शोधको समस्या रहेको छ । भाषा विचार आदान-प्रदानको महत्त्वपूर्ण माध्यम हो । मानिसले आफ्नो मनमा उब्जेका कुरालाई अरू समक्ष पुऱ्याउने माध्यम नै भाषा हो । भाषाकै माध्यमबाट चेतना एवम् दक्षताको अभिवृद्धि गर्न सकिने हुनाले हरेक क्षेत्रमा भाषाको महत्त्वपूर्ण भूमिका रहने गर्दछ । निबन्ध विधाले भाषाका पाठ्यपुस्तकलाई रोचक र बौद्धिक बनाउने गर्दछ नेपाली भाषा पाठ्यपुस्तकहरूमा शब्दहरू छनोट र स्तरणका क्रममा राखिनु पर्छ । पाठ्पुस्तकमा शब्दहरूको आवृत्ति गराउँदा तल्लो कक्षामा सिकेका शब्दहरूलाई नै माथिल्लो कक्षामा प्राथमिकता दिनुपर्ने हुन्छ । शब्दहरू राख्दा विद्यार्थीको रुचि, क्षमता र आवश्यकता आदिको आधारमा शब्दहरू छनोट गर्दा पाठ्यपुस्तक उत्कृष्ट बन्न सक्छ ।

यस शोध अध्ययनमा *कक्षा दसको नेपाली किताब*मा रहेका निबन्ध विधामा समाविष्ट शब्दभण्डारगत अध्ययनलाई प्रमुख समस्याको रूपमा लिइएको छ । यसै मूल समस्यासँग सम्बन्धित अन्य समस्याहरू निम्नानुसार रहेका छन् :

(क) *कक्षा दसको नेपाली किताब*मा प्रयुक्त निबन्ध विधाका शब्दहरू स्रोतका आधारमा के-कस्ता छन् ?

(ख) उक्त निबन्धहरूमा भएका शब्दहरू बनोटका दृष्टिले के-कस्ता छन् ?

(ग) उक्त निबन्धहरूमा प्रयुक्त शब्दहरू पदवर्गका दृष्टिले के-कस्ता प्रकृतिका रहेका छन् ?

यिनै समस्याहरूमा आधारित भएर प्रस्तुत शोधकार्यलाई अगाडि बढाइएको छ ।

## १.३ शोधकार्यको उद्देश्य

प्रस्तुत शोधकार्यको मूल उद्देश्य *कक्षा दसको नेपाली किताब*को निबन्ध विधामा समाविष्ट शब्दभण्डारको अध्ययन गर्नु रहेको छ । यस मूल उद्देश्यसँग सम्बन्धित अन्य उद्देश्यहरू निम्नलिखित रहेका छन् :

(क) *कक्षा दसको नेपाली किताब*मा प्रयुक्त निबन्ध विधाका शब्दहरू स्रोतगत आधारमा छुट्ट्याउनु,

(ख) उक्त निबन्धहरूमा भएका शब्दहरू बनोटगत आधारमा छुट्ट्याउनु,

(ग) उक्त निबन्धहरूमा प्रयुक्त शब्दहरू पदवर्गका आधारमा छुट्ट्याउनु ।

यिनै उद्देश्यहरूको परिपूर्ति गर्नु यस शोधको कार्य हो ।

## १.४ अध्ययनको सान्दर्भिकता र उपादेयता

भाषा शिक्षणबिना स्तरीय भाषाको कल्पना पनि गर्न सकिँदैन । भाषा विषयलाई पूर्णता दिनको लागि निबन्ध विधाको महत्त्वपूर्ण भूमिका रहको हुन्छ । निबन्ध विधाको शिक्षणले विद्यार्थीहरूमा भावनात्मक, बौद्धिक र कल्पनाशक्तिको विकास गराउनुका साथै उखान-टुक्का, व्याकरण, सृजनात्मक क्षमताको विकास गराउँछ ।

समयको परिवर्तनसँगै समाज र भाषा पनि परिवर्तन हुनु आवश्यक छ र समयसँगै परिवर्तित र परिस्कृत हुँदै गएको हुन्छ । भाषाको प्रयोग क्षेत्र समाज भएको हुँदा समाजमा कतिपय शब्द लोप हुँदै जान्छन् भने कतिपय नयाँ शब्दहरूको आगमन पनि हुँदै जान्छन् । शब्द नै भाषाको केन्द्रीय तत्त्व भएकाले यसको अध्ययन गर्नु पनि अपरिहार्य मानिन्छ । पाठ्क्रमले विभिन्न उद्देश्य राखेझैं निबन्ध विधाले पनि भाषिक सीपका अतिरिक्त शब्दभण्डार क्षमतामा वृद्धि होस् भन्ने चाहना राख्दछ । भाषिक सीप विकासको लागि शब्दभण्डार पहिलो चरण हो, जसले भाषाका चारवटै सीपमा अभिवृद्धि गराउँदछ र सम्बन्धित व्यक्तिलाई दक्ष बनाउँदछ ।

भाषा विषय लिएर पढेका विद्यार्थीहरूका लागि पाठ (निबन्ध) मा प्रयुक्त नाम, सर्वनाम, विशेषण, क्रिया, क्रियायोगी, निपात, विस्मयादिबोधक जस्ता शब्दहरूको वर्ग, स्रोत र बनोट आदिको जानकारीका लागि यसको औचित्य देखिएको छ । यसको अध्ययनले विद्यार्थी, पाठ्यपुस्तक निर्माता, शिक्षक एवम् भाषासँग सम्बन्धित अन्य व्यक्तिहरूका लागि स्रोत, वर्ग र बनोटका बारेमा जानकारी दिने हुँदा यसको औचित्य स्वतः सिद्ध हुन्छ ।

## १.५ शोधकार्यको सीमाङ्कन

यस शोधकार्यको अध्ययन निम्नलिखित सीमाङ्कनका आधारमा गरिएको छ :

(क) यो शोधपत्र नेपाल सरकार शिक्षा मन्त्रालयबाट प्रदान गरिएको निम्न माध्यमिक तहको *कक्षा दसको नेपाली किताब* (२०७४) मा रहेका निबन्ध विधामा प्रयुक्त शब्दभण्डारमा मात्र सीमित रहेको छ ।

(ख) शब्दहरूको स्रोत (तत्सम, तद्भव र आगन्तुक) को आधारमा छुट्ट्याइएको छ ।

(ग) शब्दहरूको वर्ग (नाम, सर्वनाम, विशेषण, क्रिया, क्रियायोगी, नामयोगी, विस्मयादिबोधक, निपात) मा मात्र सीमित रहेर विश्लेषण गरिएको छ ।

(घ) शब्दहरूको बनोट (मूल र व्युत्पन्न) को आधारमा मात्र सीमित रहेको छ ।

(ङ) उक्त पुस्तकमा भएका शब्दहरूको अनावृत्तिलाई मात्र लिइएको छ ।

(च) क्रियापदलाई क्रियामूल बनाई राखिएको छ र दोहोरिएका शब्दहरूलाई उल्लेख गरिएको छैन ।

(छ) तथ्याङ्कको व्याख्या-विश्लेषणका क्रममा तालिका र स्तम्भ चित्रलाई मात्र प्रस्तुत गरिएको छ ।

(ज) शब्दहरूको आर्थीविश्लेषणमा मात्र अध्ययन सीमित रहेको छ ।

शब्दहरू मूल र व्युत्पन्न गरी तिनीहरूको संरचनामा सीमित रहेको छ ।

## अध्याय : दुई

# पूर्वकार्यको समीक्षा र सैद्धान्तिक अवधारणा

## २.१ पूर्वकार्यको समीक्षा

कुनै पनि अनुसन्धान गर्नुभन्दा पहिले त्यस विषयसँग सम्बन्धित पहिले भइसकेका अनुसन्धानहरूलाई नै पूर्वकार्य भनिन्छ। वर्तमानमा कुनै विषय, क्षेत्रसँग सम्बन्धित भई अध्ययन गर्न विगतको सहयोग लिनुपर्दछ। शब्दभण्डारसम्बन्धी अध्ययन नेपालभित्र मात्र नभई विदेशमा पनि प्रशस्त मात्रामा भएको पाइन्छ। पूर्वकार्यको माध्यमबाट नै आफूले गर्न लागेको कार्यमा अगाडि त्यस्ता कार्य भए-नभएको जानकारी हुन्छ। यस शोधकार्यलाई पूर्ण गर्नका लागि विगतमा भए-गरेका अध्ययन, अनुसन्धान तथा अन्य सम्बद्ध पुस्तकहरूको राम्रोसँग अध्ययन गरी त्यसको समीक्षा गरी आफूलाई आवश्यक पर्ने तथ्याङ्कहरू ग्रहण गरिएको छ। यहाँ *कक्षा दसको नेपाली किताब*मा रहेका निबन्ध विधासँगसम्बन्धित विषयमा लेखिएका प्रस्तुत शोधकार्यसँग निकट रहेका सहयोगी पुस्तक र शोधकार्यहरूलाई पूर्वकार्यका रूपमा लिई कालक्रमिक रूपमा समीक्षा प्रस्तुत गरिएको छ :

### २.१.१ सम्बद्ध पुस्तक समीक्षा

पोखरेल (२०४०) को निर्देशनमा विभिन्न विद्वान्हरूको सहभागितामा नेपाल राजकीय प्रज्ञा प्रतिष्ठानद्वारा *नेपाली वृहत् शब्दकोश* तयार पारिएको हो । यस कोशमा शब्दहरूको व्युत्पत्ति, मूलस्रोत र पदवर्गलाई समेत देखाइएको छ । त्यसैले यो पुस्तकको अध्ययनले सिद्धान्त निर्माणका साथै विश्लेषणका क्रममा सहयोग पुऱ्याएको हुन्छ ।

शर्मा र बराल (२०५५) द्वारा लिखित *भाषा विज्ञान र नेपाली भाषा* नामक पुस्तकमा भाषाविज्ञानअन्तर्गत ध्वनिदेखि वाक्यसम्मको चर्चा र नेपाली भाषाको पनि चर्चा भएको पाइन्छ। शब्दअन्तर्गत शब्दवर्ग र स्रोतलाई छुट्ट्याइएको छ र त्यसको विस्तृत व्याख्या गरिए तापनि व्युत्पत्तिलाई मूल र व्युत्पादन गरी नछुट्ट्याई व्युत्पत्ति प्रक्रियालाई मात्र देखाइएको छ । यस सम्बद्ध पुस्तक समीक्षाले पनि शब्दभण्डारको अध्ययन र विश्लेषणमा सिद्धान्त निर्माण गर्न महत्त्वपूर्ण सहयोग पुऱ्याएको हुन्छ ।

शर्म्मा (२०५७) को *नेपाली शब्दसागर* नामक पुस्तक प्रकाशित छ । यसमा लगभग एक लाख पच्चीस हजार जति शब्दहरू रहेका छन् । यसले राष्ट्र र राष्ट्रभाषालाई अँगाल्ने प्रयत्न गरेको छ । यसले शब्दको अर्थ, स्रोत, पर्याय, सूचना आदि कुरालाई समावेश गरिएको छ । यस कोशमा व्युत्पत्ति र पदवर्गलाई मात्र देखाइएको छ । स्रोतलाई कोशमा नछुट्याए पनि यसको अध्ययनबाट व्युत्पत्ति र पदवर्गको अध्ययनमा सहयोगको साथै शब्दहरूको बनोटगत अध्ययन र वर्गनिर्धारणमा समेत सहयोग पुऱ्याएको हुन्छ ।

अधिकारी र भट्टराई (२०६१) को सम्पादकत्वमा *प्रयोगात्मक नेपाली शब्दकोश* नामक पुस्तक प्रकाशित भएको छ । करिव एक हजार एक सय पृष्ठको बृहताकार यस कोशमा शब्दहरूको अर्थका साथै तिनको व्युत्पादन, वर्ग, स्रोत, व्याकरण, अर्थ र प्रयोगका सूचनाहरूलाई व्यवस्थित ढङ्गले प्रस्तुत गरिएको छ । प्रस्तुत शोधमा उक्त पुस्तकले शब्दहरूको बनोट, स्रोत र कार्य छुट्ट्याउन सहयोग पुऱ्याएको हुन्छ ।

न्यौपाने र अन्य (२०६७) द्वारा लिखित *सामान्य भाषाविज्ञान* नामक कृतिमा शब्दको वर्गअन्तर्गत शब्दहरूको कार्यमूलक वर्ग तथा उपवर्ग अनि व्युत्पादनमा उपसर्ग, मध्यसर्ग र परसर्ग गरी चर्चा गरिएको छ । शब्दको स्रोतको बारेमा उल्लेख गरिएको छैन । यस सम्बद्ध पुस्तक समीक्षाले सिद्धान्तअन्तर्गत शब्दको वर्ग, पहिचान र व्युत्पादित शब्दलाई पनि अवधारणा निर्माणसहित विश्लेषणमा समेत सहयोग पुऱ्याएको हुन्छ ।

### २.१.२ सम्बद्ध शोधको समीक्षा

भण्डारी (२०६०) द्वारा 'प्राथमिक तह (कक्षा १-३) का विद्यार्थीहरूको आधारभूत नेपाली शब्दभण्डारको निरूपण अध्ययन' गरिएको छ। भण्डारीले उक्त कक्षा एकदेखि तीनसम्मको आधारभूत नेपाली शब्दहरूको सङ्ख्या प्रस्तुत गरेका छन् । उनले कक्षा एकको विद्यार्थीहरूलाई कति शब्द दिइएको छ र कक्षा दुईमा कति शब्द थप गरिएको छ, त्यसको पूरै विवरण प्रस्तुत गरेका छन् । भण्डारीले उक्त शोधमा ती आधारभूत शब्दहरूले अक्षर संरचना, पदवर्ग र कुन-कुन विषयक्षेत्रका शब्दहरू प्रयोग गरिएको छ भनी विश्लेषण गरेका छन् । यसरी भण्डारीको यस शोधपत्र पनि शब्दभण्डारको अध्ययनमा केन्द्रित रहेकाले प्रस्तुत शोधकार्यसँग अति सम्बन्धित रहेको देखिन्छ । यी दुवै शोधकार्य विषयवस्तु फरक भए

तापनि शब्दभण्डारकै अध्ययन भएकाले प्रस्तुत शोधकार्यलाई यस अध्ययनले सहयोग पुऱ्याएको हुन्छ ।

अर्याल (२०६२) द्वारा 'कक्षा छ पूरा गरेका विद्यार्थीहरूको शब्दभण्डारक्षमताको अध्ययन' शीर्षकमा स्नातकोत्तर तहको शोधकार्य गरेको पाइन्छ । उक्त शोध अध्ययनमा कक्षा सातको *हाम्रो नेपाली किताब*मा १४७६ शब्दहरू समाविष्ट शब्दभण्डारमार्फत विद्यार्थीहरूको क्षमताको पहिचान गर्नु तथा स्थानीयता, लिङ्ग र विद्यालयको स्वरूपको आधारमा सो कक्षा पूरा गरेका विद्यार्थीहरूको शब्दभण्डारक्षमताको तुलनात्मक अध्ययन गर्नुलाई मुख्य उद्देश्य बनाइएको छ । बहुसङ्ख्यक विद्यार्थीहरू मध्यमानभन्दा तल रहेकाले शब्दभण्डार क्षमता कमजोर रहेको, सामुदायिक विद्यालयको तुलनामा संस्थागत विद्यालयका विद्यार्थीहरूको शब्दभण्डारको क्षमता बढी भएको निष्कर्ष निकालिएको छ । यो अध्ययन पनि शब्दभण्डारकै अध्ययनमा केन्द्रित रहेकाले प्रस्तुत शोधलाई सहयोग पुऱ्याएको हुन्छ ।

पौडेल (२०६४) द्वारा 'कक्षा छ पूरा गरेका विद्यार्थीहरूको शब्दभण्डार क्षमताको अध्ययन' गरेकी छन् । यिनले यस शोधमा कक्षा छ पूरा गरेका विद्यार्थीहरूको शब्दभण्डार क्षमताको अध्ययन विश्लेषण गरेकी छन् । यिनले सामुदायिक र संस्थागत विद्यालयमा अध्ययनरत विद्यार्थीहरूमा शब्दभण्डारसम्बन्धी भिन्नता देखाएकी छन् । यिनले ग्रामीण र शहरी क्षेत्रका विद्यार्थीको शब्दभण्डारमा हुने भिन्नता प्रस्तुत गरेकी छन् । त्यस्तै नेपाली पहिलो भाषी हुने र नेपाली दोस्रो भाषी हुने विद्यार्थीहरूको शब्दभण्डार क्षमताको विश्लेषण पनि गरेकी छन् । यो अध्ययन पनि शब्दभण्डारकै अध्ययनमा केन्द्रित रहेकाले प्रस्तुत शोधलाई सहयोग पुऱ्याएको हुन्छ ।

दौल्याल (२०६४) द्वारा सालमा तयार पारिएको 'कञ्चनपुर जिल्लाका कक्षा दसमा अध्ययनरत विद्यार्थीहरूको निबन्ध लेखन क्षमताको अध्ययन' नामक शोधपत्रमा कञ्चनपुर जिल्लाका विभिन्न गा.वि.स. र नगरपालिकाअन्तर्गतका आठवटा विद्यालयहरूबाट १०/१० जनाका दरले ८० जना विद्यार्थीको निबन्ध लेखनक्षमताको अध्ययन गरिएको छ । कञ्चनपुर जिल्लाका कक्षा दसमा अध्ययनरत विद्यार्थीहरूको निबन्ध लेखन क्षमताको पहिचान गर्ने उद्देश्यले सो शोधपत्र तयार पारिएको छ । लिङ्ग, स्थानीयता, शीर्षक पृष्ठभूमि र विद्यालयको प्रकृतिका आधारमा तयार पारिएको यस शोधअध्ययनमा उनले विद्यार्थीहरूको निबन्ध लेखन क्षमता सन्तोषजनक नरहेको निष्कर्ष निकालेका छन् । कञ्चनपुर जिल्लामा सीमित रहेको

उक्त शोधबाट यस शोधकार्यको सैद्धान्तिक ढाँचा निर्माणका साथै विश्लेषण प्रक्रिया निर्माणको लागि कार्य उपयोगी हुने देखिन्छ ।

अधिकारी (२०६७) द्वारा 'कक्षा दसको नेपाली पाठ्यपुस्तकका कथा विधामा प्रयुक्त शब्दभण्डारको अध्ययन' शीर्षकमा शोध गरिएको पाइन्छ । उक्त शोध अध्ययनको उद्देश्य *कक्षा दसको नेपाली* पाठ्यपुस्तकको कथा विधामा शब्द प्रयोगको स्थिति अध्ययन गर्नु र पदवर्ग र स्रोतका आधारमा प्रयुक्त शब्दहरूलाई वर्गीकरण गर्नु रहेको छ । उक्त अध्ययनमा आवश्यकताअनुसार पुस्तकालयीय विधि र वर्णनात्मक विधिको अवलम्बन गरिएको छ र प्रयुक्त कथाहरूमा नाम, सर्वनाम, विशेषण, क्रिया, क्रिया विशेषण वर्गका शब्दहरू ९९६ वटा रहेको बताएका छन् । यिनीहरूमा पदवर्गगत हिसाबले हेर्दा सबैभन्दा बढी नाम वर्गका शब्दहरू देखिएको पाइन्छ । यस अध्ययनले कथा विधामा प्रयोग भएका शब्दहरूको सङ्ख्या निर्क्यौल गर्न विभिन्न सन्दर्भ सामग्रीहरूको शब्द लिई शब्द परिचय दिने काममा बढी सक्रिय भएकाले पनि यो शोधकार्यले सहयोग पुऱ्याएको छ ।

रेग्मी (२०६८) ले 'कक्षा दसको नेपाली पाठ्यपुस्तकको कविता विधामा प्रयुक्त शब्दहरूको अध्ययन' गरेका छन् । रेग्मीले यस शोधमा कक्षा दसको कविता विधामा प्रयोग भएका शब्दहरू स्तरअनुसारको भए-नभएको तथा ती शब्दहरूको वर्ग र स्रोतका विश्लेषण गरेका छन् । दोहोरिएका शब्दहरूको स्रोत र वर्ग छुट्टाछुट्टै विश्लेषण गरेका छैनन् । पदवर्गगत दृष्टिले हेर्दा नाम शब्द सबैभन्दा बढी, त्यसपछि क्रमशः क्रियापद, विशेषण, क्रियायोगी र नामयोगी रहेका छन् । यो अध्ययन पनि शब्दभण्डारकै अध्ययनमा केन्द्रित रहेकाले प्रस्तुत शोधलाई सहयोग पुऱ्याएको हुन्छ ।

दवाडी (२०६९) द्वारा 'मुना (बाल मासिक प्रकाशन) मा प्रकाशित बालकथाको अध्ययन एवम् विश्लेषण' शीर्षकमा शोधपत्र तयार पारिएको छ । यसको उद्देश्य बालकथाको विषयगत वर्गीकरण र विश्लेषण गर्नुका साथै शब्दभण्डारगत विश्लेषण गर्नु रहेको छ । उक्त अध्ययनमा आवश्यकता हेरी पुस्तकालयीय विधि र खोज अनुसन्धान विधि उपयोगमा ल्याइएको छ । *मुना* पत्रिकामा प्रकाशित भएका बालकथाहरू साना-साना बालबालिकाहरूको स्तर सुहाउँदो हुन नसकेको, बालबालिकाको क्षमता र बौद्धिकतालाई ध्यान नदिएको आदि निष्कर्ष निकालिएको पाइन्छ । उक्त शोधमा बालकथाको विश्लेषणका साथै शब्दभण्डारको पनि अध्ययन गरिएकाले शब्दभण्डारगत अध्ययनका लागि विश्लेषणको आधार निर्माणमा सहयोग पुगेको छ । यस कारण यस शोधको उद्देश्य बालकथाको शब्दभण्डारगत अध्ययन

गर्नु पनि भएकाले मैले गर्न लागेको शोध र यो शोध मिल्दोजुल्दो देखिन्छ । तर मैले गर्न लागेको शोध नितान्त नौलो प्रस्तुति हो । यस शोधको अध्ययनबाट सिद्धान्त निर्माण, अध्ययन विधिको छनोट, विश्लेषण प्रक्रियाको निर्क्यौलका साथै निष्कर्ष निकाल्न समेत सहयोग पुगेको छ ।

काफ्ले (२०७०) ले 'कक्षा दसको नेपाली पाठ्यपुस्तकमा प्रयुक्त शब्दभण्डारको अध्ययन' शीर्षकको शोधपत्र गरेकी छिन् । काफ्लेले उक्त शोधमा *कक्षा दसको नेपाली* पाठ्यपुस्तकमा समाविष्ट शब्दहरूको स्रोत, व्युत्पत्ति, वर्ग र अर्थका आधारमा अध्ययन तथा विश्लेषण गरेकी छन् । उनले गरेको विश्लेषणअनुसार तत्सम शब्द र व्युत्पन्न शब्द बढी पाइयो । वर्ग वा कार्यका आधारमा विश्लेषण गर्दा नाम वर्गका शब्दको प्रयोग बढी र त्यसपछि विशेषण शब्दको प्रयोग बढी रहेको निष्कर्ष दिइएको छ । यस शोधकार्यको समीक्षा यस शोधकार्यका लागि शोधविधि छनोटदेखि व्याख्या तथा विश्लेषणमा सहयोग पुग्दछ ।

शर्मा (२०७२) द्वारा कक्षा आठको 'हाम्रो नेपाली किताबको निबन्ध विधामा समाविष्ट शब्दभण्डारको अध्ययन' शीर्षकमा शोधपत्र तयार पारिएको छ । उक्त शोधपत्रमा निबन्ध विधामा प्रयुक्त शब्दहरूलाई पदवर्गका दृष्टिले वर्गीकरण, स्रोतका दृष्टिले वर्गीकरण, अर्थका दृष्टिले शब्दहरूको विश्लेषण, संरचनाका आधारमा शब्दहरूको अध्ययन गर्ने उद्देश्य राखिएको छ । पुस्तकालयीय विधिको प्रयाग भएको उक्त शोधमा निबन्ध विधामा प्रयुक्त शब्दहरूको पदवर्गीय विश्लेषणमा पहिलो स्थानमा नाम शब्द र दोस्रो स्थानमा क्रिया शब्द रहेको, भाषा पाठ्यपुस्तकमा तत्सम र आगन्तुक शब्दभन्दा तद्भव शब्द बढी सरल हने, तद्भव शब्द बढाउनु पर्ने, समयानुकूल नयाँ शब्द थप्दै जानु पर्ने, पञ्चम वर्गको नियम लागू गर्नुपर्ने, विद्यार्थीको क्षमताअनुसार चलनचल्तीमा प्रयोगमा नभेटिने शब्दहरूलाई कम प्रयोग गर्ने, पाठहरू सरलबाट जटिलतातर्फ उन्मुख हुनुपर्ने, मूल शब्दलाई बढाउनुपर्ने कुराहरू निष्कर्षका रूपमा आएका छन् । यसर्थ यसको अध्ययनबाट सिद्धान्तनिर्माण, अध्ययन विधिको छनोट, विश्लेषण प्रक्रियाको निर्क्यौल र निष्कर्ष निकाल्नसमेत सहयोग पुग्नेछ ।

न्यौपाने (२०७३) द्वारा 'कोपिला बालपत्रिकामा प्रकाशित कथाहरूको वाक्यगठनको अध्ययन' नामक शोधपत्र तयार गरिएको छ । उक्त शोधपत्रमा वाक्यको संरचनागत तत्त्वको निरूपण गर्ने, वाक्य ढाँचा पत्ता लगाउने, संरचना र अर्थका दृष्टिले वाक्यहरूको पहिचान गर्ने आदि उद्देश्य रहेको छ । पुस्तकालयीय विधि र आवश्यकताअनुसार वर्णनात्मक, विश्लेषणात्मक विधिको प्रयोग गरिएको छ । बालकथाहरू जटिल रहेको, कुनै-कुनै

कथाहरूले नकारात्मक सन्देश दिएको, उद्देश्य स्पष्ट नभएको, भाषिक सिद्धान्तअनुरूप शब्दहरू नमिलेका, संयुक्त र मिश्र वाक्यको प्रयोग, भाषागत त्रुटि, आदरार्थीको प्रयोग नमिलेको, छपाइगत त्रुटि भएको आदि निष्कर्ष निकालिएको छ । अतः यस शोधपत्रको अध्ययनबाट पाठ्यपुस्तकबाहेक अतिरिक्त सामग्रीमध्ये बालसाहित्यिक पत्रिकाले बालकमा ज्ञानको भण्डार भर्न, खोज, अनुसन्धानको क्षेत्रलाई व्यापक बनाइ भावी अध्येताहरूलाई मार्गनिर्देशन गर्न, बालसाहित्यिक पत्रिकामा प्रकाशित कथा विधाको महत्त्व दर्शाउन, अध्ययन विधिको छनोट, विश्लेषण प्रक्रियाको निक्र्यौल र निष्कर्ष निकाल्न समेत सहयोग पुगेको छ ।

यसरी उल्लिखित अध्ययन र अनुसन्धानहरूलाई हेर्दा 'कक्षा दसको नेपाली किताबको निबन्ध विधामा प्रयुक्त शब्दभण्डारको अध्ययन' शीर्षकमा खासै ठोस र वस्तुपरक किसिमले अध्ययन-अनुसन्धान नभएको देखिएकाले प्रस्तुत अध्ययन निश्चय नै पछिल्ला अनुसन्धाताहरूका लागि उपयोगी हुने ठानेकी छु ।

## २.२ पूर्वकार्यको समीक्षाको महत्त्व

शोधका क्रममा पूर्वकार्य समीक्षाको महत्त्व अत्यन्त रहेको पाइन्छ । सम्बन्धित शीर्षकको बारेमा पहिले के-कसरी व्याख्या, विश्लेषण गरिएको थियो र अब के-कस्ता कुराहरू थपघट गरेर अनुसन्धानलाई अगाडि बढाउने भन्ने कुराको जानकारी पनि पूर्व अध्ययनबाट प्राप्त गर्न सकिने भएकाले अनुसन्धानको क्षेत्रमा पूर्व अध्ययनको महत्त्व रहेको देखिन्छ । यहाँ पूर्वकार्यको महत्त्वलाई निम्नानुसार प्रस्तुत गरिएको छ :

(क) शब्दभण्डारसम्बन्धी पूर्वकार्यको अध्ययनले समस्यालाई राम्ररी बुझ्न, विश्लेषण गर्न र शीर्षक चयन गर्न सहयोग पुग्दछ ।

(ख) सम्बन्धित शोधमा अनुसन्धान ढाँचा निर्धारण गर्न, उपयुक्त र अनुकूल उपकरणको छनोट गर्न सहयोग पुऱ्याउँदछ ।

(ग) सम्बन्धित शोधमा प्राक्कल्पना निर्माण गर्ने उद्देश्यहरू निर्धारण गर्न र अनुसन्धान पद्धति निक्र्यौल गर्न सहयोग पुग्छ ।

(घ) सम्बन्धित शोधलाई उपलब्धिमूलक बनाउन नवीन धारणा पहिल्याउन, नयाँ सिद्धान्तको खोजी गर्न उपयोगी हुन्छ ।

(ङ) सम्बन्धित अनुसन्धानलाई विश्वशनीय र वैध बनाउन सहयोग पुग्छ ।

(च) सम्बन्धित अनुसन्धानमा पहिले भएका अध्ययनको विश्लेषण गर्न र भविष्यमा गर्न सकिने अनुसन्धानका क्षेत्रहरू पत्ता लगाउन पूर्वकार्यले सहयोग पुऱ्याएको छ ।

यस शोधकार्यमा *कक्षा दसको नेपाली* पाठ्यपुस्तकमा समाविष्ट निबन्ध विधामा प्रयोग भएका शब्दहरूलाई व्यवस्थित गरी राखिएको छ र प्रत्येक शब्दको कार्यगत आधार, बनोटगत आधार र स्रोतगत आधारमा छुट्याइएको छ । यसबाट शब्दहरूले विभिन्न सन्दर्भमा आएर के-कस्तो भूमिका निर्वाह गर्छन् भन्ने जानकारी स्पष्ट भएको छ ।

## २.३ शब्दभण्डारको अवधारणा

मानिस एक सामाजिक प्राणी भएकाले आफ्ना मनमा उब्जेका विचार, अनुभूति एवम् धारणालाई अरूसमक्ष प्रस्तुत गर्न चाहन्छ । यसको प्रभावकारी माध्यम नै भाषा हो । भाषाको आधारभूत तत्त्व शब्द हो । शब्द भाषाको सम्पत्ति पनि हो । कुन भाषा कति सम्पन्न छ भन्ने कुरा त्यसमा भएका शब्दढुकुटीले निर्धारण गर्दछ । कुनै पनि व्यक्तिलाई सामान्य भाषिक व्यवहारका लागि भाषामा प्रयोग भएका शब्दहरूलाई आवश्यकताअनुसार सिक्दै जानुपर्ने हुन्छ । त्यसरी नै विद्यार्थीहरूको शब्दभण्डारको विकासका लागि पाठ्यपुस्तकमा शब्दभण्डारको शिक्षण गर्नुपर्ने हुन्छ । योजनाबद्ध पठनपाठन गराउन र सीमित समयमा अपेक्षित दक्षता हासिल गराउन शब्दभण्डारको अध्ययन गर्न जरुरी देखिन्छ । नेपाली भाषाको शब्दभण्डार दिन-प्रतिदिन बढ्दै गइरहेको छ । शब्दभण्डारको वृद्धिसँगै नेपाली भाषाले अन्तर्राष्ट्रिय भाषाहरूसित पनि सम्पर्क बढाउँदै गएको पाइन्छ । भाषाको यस्तो विस्तारले नेपाली भाषामा अझै नवीनतम शब्दहरूको आगमन हुने निश्चित छ । विचारको सम्प्रेषण बोध र अभिव्यक्तिका लागि भाषामा निहित शब्दभण्डारको महत्त्वपूर्ण स्थान रहेको छ ।

नेपाली भाषा भारोपेली भाषा परिवारको आर्यइरानेली शाखाबाट संस्कृत, प्राकृत र अपभ्रंश हुँदै जन्मेको भाषा हो । भारोपेली भाषा परिवारको सतम् वर्गभित्र भारत, इरानेली शाखाबाट विकसित आर्य भाषाको प्राचीन रूप संस्कृत हो । यही संस्कृतबाट प्राकृत र अपभ्रंश हुँदै नेपाली भाषाको जन्म भएको हो । हुम्ला जिल्लाको सिंजा भन्ने ठाउँबाट इसाको एघारौं शताब्दीमा जन्मिएको नेपाली भाषाले आज आएर राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा आफूलाई विस्तारित गराएको छ । अहिलेसम्म भएका विभिन्न अध्ययन-अनुसन्धानले वि.सं.

१०३८ को दामुपालको अभिलेखलाई नेपाली भाषाको प्राचीन अभिलेखको रूपमा अघि सारेका छन् । दैलेख जिल्लाको दुल्लूमा अवस्थित शिलास्तम्भमा रहेको भनिएको उक्त अभिलेखलाई सर्वप्राचीन नमुना मानिए पनि त्यसको समय बारे प्रामाणिक पुष्टि नभएकाले वि.सं. १३१२ को अशोक चल्लको ताम्रपत्रलाई नै आजसम्म प्राप्त नेपाली भाषाको प्राचीन रूप मानिएको छ । संसारमा करिव सात हजार जति भाषाहरू रहेका छन् जसमा भारोपेली भाषा परिवार पर्दछन् । नेपालमा यिनै भाषा परिवारका भाषाहरू नै प्रमुख रूपमा बोलिन्छ ।

### २.३.१ शब्दभण्डारको परिचय

अर्थयुक्त लघुत्तम भाषिक एकाइलाई शब्द भनिन्छ । एक वा एकभन्दा बढी अक्षर मिली बनेको र स्वतन्त्र रूपमा प्रयोग हुन आउने अर्थयुक्त भाषिक इकाइलाई शब्द भनिन्छ । शब्द एक वा अनेक वर्ण वा अक्षरले बनेको स्वतन्त्र अर्थ र प्रयोगमा आउने भाषिक एकाइ हो । यो उच्चार्थ र लेख्य दुवै हुन्छ । यसको शाब्दिक अर्थ 'आवाज' हुन्छ । हिन्दीमा पनि यसलाई शब्द नै भनिन्छ । यसको अर्थ ध्वनि उत्पन्न गर्नु हो । यसलाई अङ्ग्रेजीमा 'वर्ड', ग्रीकमा 'लिरो', ल्याटिनमा 'भर्वम्' भनिन्छ ।

शब्दहरूको समूहलाई नै शब्दभण्डार भनिन्छ। कुनै पनि भाषामा रहेका सम्पूर्ण शब्दहरूको समष्टि नै शब्दभण्डार हो । यसलाई शब्द ढुकुटी पनि भनिन्छ । भाषामा प्रयोग हुने शब्दहरूको समूह वा राशि नै खासमा शब्दभण्डार हो (भण्डारी, २०६० : ४५) । शब्दभण्डारले शब्दमा देखिएका समस्यालाई समाधान गर्नको लागि सहयोग पुऱ्याउँदछ ।

### २.३.२ भाषापाठ्यपुस्तकका शब्दको महत्त्व र अध्ययनको आवश्यकता

पाठ्यपुस्तक भनेको सम्बन्धित तह र कक्षाको पाठ्यक्रमअनुरूप तयार पारिएको सामग्री हो । कुनै पनि तह, कक्षा वा समूहका लागि विभिन्न भाषिक उद्देश्य राखेर शिक्षण गर्न तयार पारिएको आधिकारिक पाठ्यसामग्री नै पाठ्यपुस्तक हो । पाठ्यक्रमका अपेक्षा अनुरूपका भाषिक पाठ्यांशलाई विद्यार्थीको स्तर, अनुभव र सिकाइ आवश्यकता ख्याल गरेर सङ्गठित गरिएको हुन्छ । भाषा पाठ्यवस्तु छनौटमा शब्दभण्डारको छनोटको अत्यधिक आवश्यकता रहेको हुन्छ (शर्मा र पौडेल, २०६० : ३१३) । यसका लागि शब्दहरूको अध्ययन गर्नु पर्दछ ।

विश्वमा भएको ज्ञानलाई एक कुनाबाट अर्को कुनामा सम्प्रेषण गर्ने माध्यम नै भाषा हो । भाषामा शब्दको महत्त्वपूर्ण भूमिका रहन्छ । भाषाका माध्यमबाट शब्द सिकाइने र

शब्दकै सेरोफेरोमा भाषाले अग्रगति प्राप्त गर्ने भएकाले शब्द र भाषाबीचको अन्योन्याश्रित सम्बन्धले शिक्षण सिकाइ र भाषाका शब्दभण्डारको महत्त्वलाई झल्काउँछ । भाषा पाठ्यपुस्तक र शब्दभण्डारबीच नङ र मासुजस्तो सम्बन्ध रहेको पाइन्छ । यसमा एकको अभावमा भाषा सिक्ने काम असम्भव हुन्छ । भाषालाई प्रत्यक्ष सहयोग पुऱ्याउने शब्दभण्डार नै हो ।

भाषालाई ग्रहणमूलक र अभिव्यक्तिगत दृष्टिले अर्थपूर्ण बनाउन, प्रभावकारी बनाउन र सोहीअनुरूप शब्दको उपयोग गर्ने सीप हासिल गराउन शब्दभण्डारको क्षमताको वृद्धि गर्नु अनिवार्य काम ठहरिन्छ । भाषाको विकासमा शब्दको विकासबिना असम्भव हुन्छ । शब्दले नै भाषालाई स्तरीय र मानकीकरण गराउन ठूलो सहयोग गर्दछ । यसरी हेर्दा विचार सम्प्रेषण, भावग्रहण र बोधका लागि भाषामा निहित शब्दभण्डारको महत्त्वपूर्ण स्थान रहेको पाइन्छ ।

### २.३.३ स्रोतका आधारमा शब्दको वर्गीकरण

भाषाले जहाँबाट शब्द प्राप्त गर्दछ, त्यस मुहान वा ठाउँलाई स्रोत भनिन्छ । एक वा एकभन्दा बढी अक्षर मिली बनेको र स्वतन्त्र रूपमा प्रयोग हुन आउने अर्थयुक्त भाषिक एकाइलाई शब्द भनिन्छ । यो रुपिमभन्दा ठूलो र पदावलीभन्दा सानो भाषिक हो । वाक्य स्तरमा प्रयुक्त शब्दले साहित्यलाई भरिपूर्ण पार्ने काममा ठूलो सहयोग गरेको छ ।

मानवीय उच्चारण अवयवद्वारा उच्चरित सार्थक ध्वनिहरूको समूह नै भाषा हो । भाषाले सधैं सरलतालाई पछ्याउने गर्दछ । संसारमा विभिन्न किसिमका भाषाहरू बोलिन्छन् । समाज र संस्कृतिअनुसार भाषाको प्रकृतिमा फरक पाइन्छ । मानव र समाजको मूर्तरूप नै भाषा हो जसले समाजलाई सधैं गतिशील रूपमा अगाडि बढाइरहेको छ । समाजलाई सजीवता तुल्याउने काम पनि भाषाले नै गर्दछ । भाषाविनाको समाज निरर्थक हुन्छ ।

मानवीय उच्चारण अवयवबाट उच्चरित विचारविनियमको माध्यम हो । भाषा मानवीय भावनाविनिमयको निम्ति प्रयोगमा ल्याइने जीवन्त र प्रभावकारी वस्तु पनि हो । भाषा सामाजिक वस्तु पनि भएकाले यो समाजबाटै उत्पादित हुन्छ र समाजबाटै सञ्चालित हुने गर्दछ । भाषाको विशेषता समाज तथा देशअनुसार फरक-फरक हुन्छ । नेपाली भाषा भारोपेली भाषा परिवारको आर्य-इरानेली शाखाबाट संस्कृत, प्राकृत र अपभ्रंश हुँदै जन्मेको भाषा हो । यही संस्कृत भाषालाई नेपाली भाषाको जन्म भएको हो, त्यसैले संस्कृत

भाषालाई नेपाली भाषाको मातृभाषाको रूपमा रहेको मान्न सकिन्छ । त्यसैले नेपाली भाषाको शब्दभण्डार धेरैजसो संस्कृतका शब्दहरूले भरिएको छ र अन्य भाषाबाट पनि आएका छन् । यसै आधारमा नेपाली शब्दलाई स्रोतका आधारमा तत्सम, तद्भव र आगन्तुक गरी तीन प्रकारमा बाँडिएको छ । यहाँ तत्सम, तद्भव र आगन्तुक शब्दहरू (अधिकारी, २०५८ : १८) को बारेमा परिचय दिइएको छ ।

२.३.३.१ तत्सम शब्द

तत्सम भनेको संस्कृतबाट रूप नफेरिइ जस्ताको तस्तै नेपालीमा आउनु हो । 'तत्' भनेको 'त्यो' र 'सम्' भनेको अर्थ 'उस्तै वा बराबर' हो । अरू भाषाबाट रूप नफेरिइ आफ्नो भाषामा आएर जस्ताको तस्तै चलेका शब्द तत्सम हुन् (अधिकारी, २०५८ : २०) । संस्कृत भाषाबाट अरू भाषामा हेरफेर नभई आएका शब्द एक भाषाबाट अर्को भाषामा रूप नफेरी आएका शब्द केवल नेपाली भाषामा प्रयोग हुन आएका सग्ला संस्कृत शब्दलाई तत्सम शब्द भनिन्छ । तत्सम शब्दमा भाषिक गहनता पाइन्छ । अन्य शब्दले चिनाउन नसकिएका परिवेशलाई तत्सम शब्दबाट अर्थपूर्ण तरिकाले बोध भएको पाइन्छ ।

तत्सम शब्दको प्रयोग नेपाली भाषामा अत्यधिक हुने भएकाले कतिपयले अर्थबोधको समस्या समेत झेल्नुपरेको छ । अझ नेपाली इतर मातृभाषा भएका विद्यार्थीहरूका लागि त तत्सम शब्द फलामको चिउरासरह बन्न पुगेको छ । त्यसैले नेपाली भाषाका लागि तत्सम शब्दको अध्ययन अपरिहार्य रहेको छ । संस्कृत भाषाको उपेक्षा गर्नेहरूका लागि पनि यसको अध्ययन अपरिहार्य रहेको छ, त्यसैले तत्सम शब्दको प्रयोग अझै प्रबल बन्दै गएको छ । कतिपय आधुनिक वैज्ञानिक उत्पादनको रूपमा आएका नयाँ वस्तुलाई नेपालीमा चिनाउन पनि तत्सम शब्दको प्रयोग गरिन्छ; जस्तै : कम्प्युटरलाई 'सुसाङ्ख्य', क्याल्कुलेटरलाई 'गणयन्त्र' शब्दले अर्थ्याइन्छ । यस अर्थानुसार नेपाली भाषामा संस्कृतमा जस्तै नेपालीमा प्रयुक्त भएका मौलिक शब्द तत्सम शब्द हुन् । जस्तैः विद्या, लता, ग्रह, नर, नेत्र आदि ।

२.३.३.२ तद्भव शब्द

तद्भवको अर्थ 'त्यसबाट आएको' भन्ने हुन्छ । यसअनुसार नेपाली भाषाको मातृभाषा संस्कृतबाट केही बदलिँदै आएका शब्दलाई तद्भव शब्द भनिन्छ । नेपाली भाषामा धेरैजसो झर्रा, ठेट शब्दहरूलाई तद्भवअन्तर्गत नै समेटिन्छ र यस्ता शब्दहरूलाई मौलिक शब्दहरूको उपनाम पनि दिएको पाइन्छ । कतिपय आगन्तुक शब्दलाई समेत

तद्भवअन्तर्गत स्थापित गरिएको पनि पाइन्छ । जुनसुकै भाषाबाट आएपनि तद्भव वर्णविन्यासको नियमभित्र पर्ने र यस्ता शब्दहरूको समेत तद्भवतुल्य हुने (अधिकारी र भट्टराई, २०६२ : ३२१) ले उल्लेख गरेको पाइन्छ । यसरी नेपालभित्रै बोलिने संस्कृत मूलका शब्दहरूको केही रूप र संरचनामात्र बदलिएर नेपाली भाषाको चलन-चल्तीमा रहेका शब्दलाई तद्भव शब्द भनिन्छ । जस्तैः रूख, हात, काम, कान, आगो, रातो, पाँच, सात आदि ।

यसरी आगन्तुक स्रोतमा नपरेका शब्दहरू तद्भव वर्गमा पर्ने भएकाले यस्ता शब्दहरूको स्रोत खुलाउन त्यति आवश्यक मानिँदैन । त्यसैले तद्भव वर्गका शब्दहरूलाई शब्दकोशमा समेत अचिह्नित नै छाडिएको पाइन्छ ।

२.३.३.३ आगन्तुक शब्द

कुनै पनि भाषामा अन्य भाषाका स्रोतबाट आएका शब्दलाई आगन्तुक शब्द भनिन्छ । नेपाली भाषामा संस्कृतबाहेक अरू भाषाबाट आएका शब्दहरू आगन्तुक शब्द हो । आगन्तुक शब्दलाई पाहुना शब्द, सापटी शब्द, ऋण शब्द र विदेश शब्द पनि भनिन्छ (शर्मा, २०६३ : १५९) । मौलिकबाहेक अरू सबै शब्दहरू आगन्तुक हुन् । यस्ता शब्दहरू भाषिक आवश्यकता पूर्तिका लागि ल्याइन्छन् । आगन्तुक शब्द सममात्रिक र विषममात्रिक पनि हुन्छन् । नेपालीमा मैथिलीबाट आएका शब्द विषममात्रिक हुन् । यस्ता शब्दहरूमा नेपालमै बोलिने मैथिली, किराँती, थारु, नेवारी, हिन्दी आदि वा बाहिरी देशमा अङ्ग्रेजी, फ्रान्सेली, अरबी, ऊर्दू, फारसी आदि भाषाबाट आएका शब्दहरू पर्दछन् । यी शब्दहरूको वर्णविन्यास नेपाली उच्चारणकै आधारमा हुन्छन् । आगन्तुक शब्दलाई शब्दकोशमा समेत 'आ' को सङ्केतले चिह्नित गरिन्छ ।

यसरी आफ्नै देशभित्रका भाषाहरूबाट आएका र देशबाहिरबाट आएका गरी आगन्तुक शब्दलाई दुई प्रकारमा बाँड्न सकिन्छ । त्यस्तै आगन्तुक शब्द पनि केही मूलमा छन् भने केही रूप परिवर्तन भएर आएका छन् । भारोपेली र अभारोपेली तथा स्वदेशी र विदेशी गरी आगन्तुक शब्दहरू विभिन्न भाषाबाट आएका हुन्छन् । जस्तै : अङ्ग्रेजी, गुजराती, चिनियाँ, भोजपुरी, मैथिली, ग्रीक, गुरुङ, जापानी, अरबी आदि ।

### २.३.४ बनोटगत आधारमा शब्दको वर्गीकरण

बनोट भनेको शब्दको संरचना पनि हो । भाषामा पाइने शब्दहरूमा केहीको संरचना हुन्छ भने केहीका संरचना हुँदैनन् । संरचना भएका शब्दहरू मिलेर बनेका शब्द हुन् भने संरचना नभएका शब्द स्वतः बनेका हुन्छन्, ती शब्दहरू मूल हुन्छन् । केही शब्दहरू सन्धि, समास, द्वित्व, उपसर्ग वा प्रत्यय लागेर बनेका हुन्छन् भने केही शब्दहरू टुक्रा गर्न नमिल्ने मूल शब्द हुन्छन् । शब्दलाई बनोटगत आधारमा मूल र व्युत्पन्न (अधिकारी, २०४९ : ६९) गरी वर्गीकरण गरिएको छ ।

#### २.३.४.१ मूल शब्द

टुक्रा गर्न नमिल्ने शब्दलाई मूल शब्द भनिन्छ । मूल शब्दलाई मुख्य शब्द पनि भनिन्छ । कुनै एक मूल शब्दबाट एकभन्दा बढी व्युत्पादन गर्न सकिन्छ । मूल शब्दमा उपसर्ग, प्रत्यय लागेको हुँदैन । जस्तै : भोज, केश, घृणा, गुरु, आज, हूल आदि ।

#### २.३.४.२ व्युत्पन्न शब्द

जुन शब्दको रूपपरिवर्तन भएको छ अर्थात् जुन शब्दलाई टुक्र्याउन सकिन्छ, त्यस्ता शब्दलाई व्युत्पन्न शब्द भनिन्छ । व्युत्पन्न शब्द मूल शब्दको आधारमा निर्माण गरिन्छ । जस्तै : घृणित, भान्से, साथी, ओढ्नु, पूजा आदि ।

### २.३.५ कार्यका आधारमा शब्दको वर्गीकरण

वाक्यमा विभिन्न सन्दर्भमा आएर शब्दले भिन्न-भिन्न कार्य गरेको हुन्छ । शब्दले गर्ने कार्यका आधारमा शब्दलाई विभिन्न वर्गमा वर्गीकरण गरिएको हुन्छ । यस्ता शब्दलाई मूलतः विकारी र अविकारीअन्तर्गत विभाजन गरिएको छ । विकारीअन्तर्गत नाम, सर्वनाम, विशेषण र क्रियापद पर्दछ भने अविकारीअन्तर्गत क्रियायोगी, नामयोगी, संयोजक, विस्मयादिबोधक र निपात गरी शब्दलाई नौवर्गमा विभाजन गरिएको पाइन्छ । शब्दले वाक्यमा गर्ने कार्यअन्तर्गत पर्ने नाम, सर्वनाम, विशेषण, क्रियापद, क्रियायोगी, नामयोगी, संयोजक, विस्मयादिबोधक र निपात (गौतम र चौलागाइँ, २०६७ : ४९) को सामान्य परिचय तल दिइएको छ :

२.३.५.१ नाम

नाम भनेको कुनै व्यक्ति, बस्तु, ठाउँ, अवस्था तथा यिनीहरूको भाव तथा पदार्थ बुझाउने शब्दलाई नाम भनिन्छ । वाक्यमा को, के, कसलाई भन्ने प्रश्नको उत्तरमा आउने शब्दलाई नाम भनिन्छ । नामको परम्परागत वर्गीकरणका आधारमा व्यक्तिवाचक, जातिवाचक, समूहवाचक, द्रव्यवाचक र भाववाचक नाम गरी पाँच प्रकार (बराल र एटम, २०६८ : ५४) मा विभाजित गरिएको छ । जस्तै :

(क) व्यक्तिवाचक नाम : गीता, जापान, किताब, तिहार आदि ।

(ख) जातिवाचक नाम : मान्छे, देश, नदी, हिमाल आदि ।

(ग) समूहवाचक नाम : हूल, बथान, ताँती, रास, थुप्रो आदि ।

(घ) द्रव्यवाचक नाम : सुन, चाँदी, चामल, पानी, तेल आदि ।

(ङ) भाववाचक नाम : माया, दया, स्नेह, खुशी आदि ।

२.३.५.२ सर्वनाम

सर्वनाम भनेको नाम, पदावली तथा वाक्यको सट्टामा प्रयोग गरिने शब्दलाई भनिन्छ । जस्तै : म, तँ, ऊ, त्यो, यिनी, तिनी, हजुर, तपाईं, जो, जे, आफू आदि सर्वनाम हुन् (बराल र एटम, २०६८ : ५३) । सर्वनामलाई पनि यसको कार्यगत विविधताका आधारमा पुरुषवाचक, दर्शकवाचक, सम्बन्धवाचक, प्रश्नवाचक र निजवाचक गरी पाँच प्रकारमा बाँड्न सकिन्छ :

(क) पुरुषवाचक सर्वनाम : म, हामी, तिमी, तपाईं, ऊ, उनी आदि ।

(ख) दर्शकवाचक सर्वनाम : यो, यी, यिनीहरू, त्यो, ती, तिनीहरू आदि ।

(ग) सम्बन्धवाचक सर्वनाम : जो, जे, जुन, जुनसुकै आदि ।

(घ) प्रश्नवाचक सर्वनाम : के, कुन, कोही, कुनै आदि ।

(ङ) निजवाचक सर्वनाम : आफू, आफै, स्वयम् आदि ।

२.३.५.३ विशेषण

नाम वा सर्वनामको गुण, दोष, अवस्था, सङ्ख्या, मात्रा आदि विशेषता बुझाउने शब्दलाई विशेषण भनिन्छ । वाक्यमा कुन, कस्तो, कत्रो, कति प्रश्नको उत्तरमा आउने शब्द

नै विशेषण हो (बराल र एटम, २०६८ : ५६) । विशेषणलाई पनि पाँच भागमा विभाजन गरिएको छ :

(क) गुणबोधक विशेषण : गुलियो, मिठो, हरियो, खराब, सानो आदि ।

(ख) परिमाणबोधक विशेषण : धेरै, थोरै, अलिकति, प्रशस्तै आदि ।

(ग) सार्वनामिक विशेषण : यो, त्यो, ती, जो, कुन आदि ।

(घ) सङ्ख्याबोधक विशेषण : एउटा, प्रथम, दोस्रो, बीसौं आदि ।

(ङ) भेदक विशेषण : को, का, की, रो, रा, री, नो, ना, नी आदि ।

२.३.५.४ क्रियापद

वाक्यमा कर्ताले गरेको काम, घटना, अवस्था आदि बुझाउने शब्दलाई क्रियापद भनिन्छ । क्रियापद बन्नका लागि धातुमा प्रत्यय थपिन्छ । धातुको स्वतन्त्र प्रयोग हुँदैन तर क्रियापद भइसकेपछि ती वाक्यहरूमा प्रयुक्त हुन्छन् (बराल र एटम, २०६८ : ५५) । क्रियापद पनि सकर्मक र अकर्मक गरी दुई प्रकारका हुन्छन् । जस्तै :

(क) सकर्मक क्रियापद : लेख्छ, पढ्छ, खान्छ आदि ।

(ख) अकर्मक क्रियापद : सुत्छ, जान्छ, नाच्छ आदि ।

२.३.५.५ क्रियायोगी

क्रियापद तथा विशेषणको विशेषता बुझाउने अव्यय शब्दलाई क्रियायोगी भनिन्छ । क्रियायोगी विशेषतः क्रियापदमा कसरी, कहाँ, कहिले जस्ता प्रश्नको उत्तरमा आएका हुन्छन् (बराल र एटम, २०६८ : ५९) । क्रियायोगीलाई पाँच भागमा विभाजन गरिएको छ :

(क) समयवाचक : हिजो, बिहान, भोलि, पर्सि आदि ।

(ख) स्थानवाचक : तल, माथि, बाहिर, कता, मुनि आदि ।

(ग) रीतिवाचक : जसरी, बेसरी, झमक्क, सुटुक्क आदि ।

(घ) परिमाणवाचक : यति, उति, मात्र, अत्यन्तै, अलिकति आदि ।

(ङ) कारणवाचक : गरेकाले, लेखेकोले, पाएकाले, भएकाले आदि ।

२.३.५.६ नामयोगी

नामिक पद (नाम, सर्वनाम तथा विशेषण) का पछाडि जोडिएर आउने र आफ्नो स्वतन्त्र अर्थ पनि दिने अव्यय शब्दलाई नामयोगी भनिन्छ । नामिक शब्दले विभिन्न शब्दबीच सम्बन्ध गाँस्ने काम गर्दछ । नामयोगीलाई निम्नानुसार आठ प्रकारमा विभाजन गरिएको छ (बराल र एटम, २०६८ : ६१) :

(क) समयवाचक : पहिले, पूर्व, पश्चात्, पछि, उप्रान्त आदि ।

(ख) स्थानवाचक : भित्र, बाहिर, निर, नजिक, माथि आदि ।

(ग) रीतिवाचक : अनुसार, सामु, समान, भन्दा, बमोजिम आदि ।

(घ) दिशावाचक : आसपास, तर्फ, सामुन्ने, तिर, पछि, उप्रान्त आदि ।

(च) अवधिवाचक : केवल, मध्ये, पर्यन्त, मात्र, सम्म आदि ।

(छ) सहभाववाचक : सँग, सित, सहित, समेत, साथै आदि ।

(ज) अभाववाचक : विना, बाहेक, अतिरिक्त, अलावा आदि ।

(झ) कारणवाचक : लागि, खातिर, कारण, निमित्त आदि ।

२.३.५.७ संयोजक

दुई वा दुईभन्दा बढी पदावली वा वाक्य जोड्न आउने अव्यय शब्दलाई संयोजक भनिन्छ। संयोजकले शब्द, पदावली तथा वाक्य, उप-वाक्यलाई जोड्ने काम गर्दछ । संयोजकलाई पनि दुई भागमा विभाजन गरिएको छ (बराल र एटम, २०६८ : ६२) । सापेक्ष संयोजक : जब-तब, जहाँ-तहाँ, यद्यपि आदि । निरपेक्ष संयोजक : र, अनि, पनि, किनभने आदि ।

२.३.५.८ विस्मयादिबोधक

विभिन्न अवस्थामा मानिसका मनमा उब्जने आश्चर्य, खुशी, दुःख, घृणा, प्रशंसा आदिलाई जनाउन प्रयोग गरिने अव्यय शब्दलाई विस्मयादिबोधक भनिन्छ (बराल र एटम, २०६८ : ६३) । विस्मयादिबोधक आकस्मिक रूपमा आउने हुँदा यसको प्रयोगमा वाक्य अपूरो हुन सक्छ । यसलाई विस्मयसूचक ( ! ) चिह्नले सूचित गरिन्छ । विस्मयादिबोधक विभिन्न प्रकारका हुन्छन् :

(क) आश्चर्यवाचक : ओहो, आहै, ल, आथ्थु, आदि ।

(ख) घृणावाचक : छि, छ्या, थुक्क, धत्, धिक्कार आदि ।

(ग) प्रशंसावाचक : स्यावास, धन्य, वाह, आहा आदि ।

(घ) विस्मृतिवाचक : लौ, ज्या, विचरा, कठै, थुक्क आदि ।

२.३.५.९ निपात

आफ्नो खास अर्थ नहुने तर वाक्यमा विभिन्न धारणा, जिज्ञासा, अनुभूति आदिलाई सहज ढङ्गले प्रकट गर्न सहयोग पुऱ्याउने र वाक्यमा मिठास दिने अव्यय शब्दलाई निपात भनिन्छ (बराल र एटम, २०६८ : ५६) । निपात वाक्यको शुरुमा, बीचमा र अन्त्यमा पनि आउन सक्छ । निपातले अभिव्यक्तिलाई पूर्ण र शब्दमा जोड दिने काम गर्छन् । निपातहरू पो, नि, त, है, र, खै, क्यारे, ल, अँ आदि हुन् ।

यसरी पदवर्ग छुट्ट्याउनका लागि शब्दवर्गको राम्रो अध्ययन तथा अध्यापन गराउनु पर्दछ । यदि पदवर्गको उचित ज्ञान नभएमा अर्थको अनर्थ पनि लाग्न सक्छ । तसर्थ पदवर्गको उचित पहिचानका लागि यसको अध्ययन हुनु शैक्षणिक दृष्टिले महत्त्वपूर्ण मानिन्छ ।

**अध्याय : तीन**

# शोधविधि र प्रक्रिया

'कक्षा दसको नेपाली किताबको निबन्ध विधामा प्रयुक्त शब्दभण्डारको अध्ययन' शीर्षकमा शोधकार्य गर्दा *कक्षा दसको नेपाली किताब* अध्ययनसँगै क्षेत्रीय विधि पनि उपयोग गर्न सकिने भए तापनि यस प्रयोजनका निम्ति मुख्यतः पुस्तकालयीय अध्ययनको प्रयोग गरिएको छ । यस अध्ययनअन्तर्गत सामग्री सङ्कलनको प्रमुख आधार *कक्षा दसको नेपाली* पाठ्यपुस्तकमा समाविष्ट निबन्ध विधाका शब्दभण्डारको अध्ययन भएकाले *कक्षा दसको नेपाली* पाठ्यपुस्तकलाई नै मूल सामग्रीको रूपमा लिइएको छ । प्रस्तुत शोधकार्य अध्ययन विधिका दृष्टिले मूलतः *कक्षा दसको नेपाली किताब* अध्ययनका साथै क्षेत्रीय विधिमा आधारित रहेको छ भने सङ्कलित शब्दावलीको अध्ययन-विश्लेषणका लागि व्याख्यात्मक तथा विश्लेषणात्मक विधिको पनि उपयोग गरिएको छ । प्रस्तुत शोध अध्ययनका लागि निम्नलिखित शोधप्रक्रियाको अवलम्बन गरिएको छ :

## ३.१ नमुना छनोट

यस अध्ययनमा *कक्षा दसको नेपाली* पाठ्यपुस्तकअन्तर्गत निबन्ध विधामा प्रयुक्त शब्दहरूको अध्ययनलाई नमुनाका रूपमा छनोट गरिएको छ ।

## ३.२ सामग्री निर्माण

*कक्षा दसको नेपाली किताब*मा समाविष्ट निबन्ध विधालाई आधार मानी चयन गरिएको छ । यस क्रममा *कक्षा दसको नेपाली किताब*मा रहेका निबन्ध विधालाई आधार मानेर शब्दको स्रोत, बनोट र कार्यलाई सामग्री मानेर शब्दलाई व्याख्या, विश्लेषण गर्दै अध्ययनका लागि आवश्यक सामग्री र सामग्रीको मानकीकरण गर्ने प्रयत्न गरिएको छ ।

सर्वप्रथम *कक्षा दसको नेपाली किताब*को निबन्ध विधाअन्तर्गत समाविष्ट शब्दहरूको सङ्ख्या पत्ता लगाउनका लागि प्रत्येक पृष्ठबाट शब्दहरूको गणना गरी शब्दकोशको सहायताले शब्दहरूको स्रोत, बनोट र पदवर्ग खोजिएको छ । यस अध्ययन कार्यलाई शब्द स्रोत, बनोट र कार्यका आधारमा शब्दको सङ्ख्या र प्रतिशतमा उल्लेख गरिएको छ । नेपाल सरकारद्वारा कक्षा दसका लागि तयार पारिएको नेपाली पाठ्यपुस्तकलाई आधार मानिएको

छ । उक्त शब्दहरूको स्रोत, बनोट र कार्यगत आधारमा सूची, तालिकीकरण र व्याख्या-विश्लेषण गरिएको छ ।

## ३.३ सामग्री सङ्कलन

सर्वप्रथम *कक्षा दसको नेपाली किताब*का निबन्ध विधाहरूबाट शब्द सङ्कलन गरिएको छ । ती शब्दहरूलाई स्रोत, बनोट र पदवर्गका आधारमा शब्दहरू वर्गीकरण गरी राखिएको छ । पुस्तकालयीय विधिअन्तर्गत रहेर नेपाल सरकारद्वारा कक्षा दसको लागि तयार पारिएको नेपाली पाठ्यपुस्तकलाई आधार मानिएको छ । ती शब्दहरूलाई स्रोत, बनोट र कार्यका आधारमा तालिकीकरण, व्याख्या-विश्लेषण र निष्कर्षसमेत निकालिएको छ । शब्दहरूको गणना गर्दा पुनरावृत्त भएका शब्दहरूलाई समावेश गरिएको छैन भने एउटै धातुबाट बनेका क्रियाहरूका साथै रूपलाई समेत समावेश गरिएको छैन । सामग्री सङ्कलनका लागि प्राथमिक र द्वितीयक स्रोत गरी निम्नानुसार कार्य गरिएको छ :

### ३.३.१ प्राथमिक स्रोत

*कक्षा दसको नेपाली किताब*को निबन्ध विधामा समाविष्ट शब्दहरूको अध्ययन भएकाले निबन्ध विधाहरूलाई नै प्राथमिक स्रोतका रूपमा स्वीकार गरी सामग्री सङ्कलन गरिएको छ ।

### ३.३.२ द्वितीयक स्रोत

*कक्षा दसको नेपाली किताब*मा समाविष्ट निबन्ध विधामा प्रयोग भएका शब्दहरूको अध्ययनका लागि विभिन्न शोधकर्ताद्वारा गरिएको शोधकार्यको सहयोग लिइएको छ । माध्यमिक तहका भाषा विषयसँग सम्बन्धित विभिन्न शीर्षकमा भएका शोधकार्यलाई बढीभन्दा बढी सन्दर्भ सामग्रीको रूपमा लिई अध्ययन कार्य अगाडि बढाइएको छ । विशेष गरी शब्दभण्डारसँग मेल खाने विषय सहयोगी बनेका छन् । त्यस्तै गरी पुस्तकालयमा भएका सम्बन्धित पुस्तक, नेपाली विषयका अनुभवी शिक्षक-शिक्षिका, विषय विशेषज्ञहरूको राय, सल्लाह र सुझाव लिँदै यस शोधकार्यलाई अगाडि बढाइएको छ । यसरी विज्ञहरूको सुझाव नै सर्वोपरी ठानी यस शोधकार्यलाई सफल बनाउनका लागि द्वितीयक स्रोतका रूपमा स्वीकार गरी सम्पन्न गर्ने सामग्रीको रूपमा लिइएको छ ।

## ३.४ व्याख्या-विश्लेषण

प्रस्तुत अध्ययनमा शब्दको स्रोत, बनोट र कार्यको आधारमा वर्गीकरण गरी छुट्टाछुट्टै तालिकामा देखाइएको छ । तालिका र प्रतिशतका आधारमा त्यसको व्याख्या एवम् विश्लेषण गर्ने कार्य गरिएको छ । *कक्षा दसको नेपाली किताब*को निबन्ध विधामा प्रयुक्त शब्दभण्डारको अध्ययन गरी व्याख्यात्मक र विश्लेषणात्मक पद्धति अपनाई तथ्याङ्कहरूको विश्लेषण गरी निष्कर्षमा पुग्ने कार्य गरिएको छ ।

## ३.५ शोधपत्रको रूपरेखा

यस शोधपत्रको रूपरेखा निम्नलिखित रहेको छ :

**अध्याय एक : शोधपरिचय**

प्रस्तुत शोधको अध्याय एकमा विषय प्रवेश, समस्या कथन, शोधकार्यको उद्देश्य, अध्ययनको सान्दर्भिकता र उपादेयता, अध्ययनको सीमाङ्कन प्रस्तुत गरिएको छ ।

**अध्याय दुई : पूर्वकार्यको समीक्षा र सैद्धान्तिक अवधारणा**

शोधपत्रको अध्याय दुईमा पूर्वकार्यको समीक्षा, शब्दभण्डारको अवधारणा प्रस्तुत गरिएको छ ।

**अध्याय तीन : शोधविधि र प्रक्रिया**

शोधपत्रको अध्याय तीनमा शोधविधि र प्रक्रियाअन्तर्गत नमुना छनोट, सामग्री निर्माण, सामग्री सङ्कलन, व्याख्या र विश्लेषण र शोधपत्रको रूपरेखा प्रस्तुत गरिएको छ ।

**अध्याय चार : व्याख्या एवम् विश्लेषण**

शोधपत्रको अध्याय चारमा तालिकीकरण र विश्लेषणअन्तर्गत *थाङ्का, हाम्रो संस्कृति* र *जयभुँडी* शीर्षकका निबन्धहरूमा प्रयुक्त शब्दहरूको व्याख्या र विश्लेषण गरिएको छ ।

**अध्याय पाँच : सारांश, निष्कर्ष र उपयोगिता**

शोधपत्रको अन्तिम अध्यायमा शोधकार्यको सारांश, निष्कर्ष, उपयोगिता, सुझाउ र भावी अनुसन्धानका सम्भावित शीर्षकहरू प्रस्तुत गरिएको छ ।

सन्दर्भ सामग्रीसूची

परिशिष्ट

व्यक्तिवृत्त

## परिच्छेद : चार

# व्याख्या एवम् विश्लेषण

प्रस्तुत अध्ययनमा शब्दको स्रोत, बनोट र कार्यलाई छुट्टाछुट्टै तालिकामा देखाइएको छ । शब्दहरूको प्रतिशत निकाली स्तम्भचित्रमा समेत देखाइएको छ । तालिका र प्रतिशतका आधारमा त्यसको व्याख्या एवम् विश्लेषण गर्ने कार्य गरिएको छ । व्याख्यात्मक र विश्लेषणात्मक पद्धति अपनाई तथ्याङ्कहरूको विश्लेषण गरी निष्कर्षमा पुग्ने कार्य गरिएको छ ।

## ४.१ थाङ्का निबन्धको शब्दभण्डार

'थाङ्का' निबन्धलाई बनोटगत, स्रोतगत र शब्दवर्गगत आधारमा तालिकीकरण गरी व्याख्या एवम् विश्लेषण गरिएको छ । यस निबन्धमा ४४१ वटा शब्दहरू रहेका छन् । ती शब्दहरू भने पुनरावृत्ति भएका छैनन् ।

### ४.१.१ बनोटगत आधारमा शब्दभण्डार

**सूची सङ्ख्या १**

**बनोटगत आधारमा शब्दहरूको विश्लेषण**

**मूल शब्द**

नेपाल, हिमाल, पहाड, र, छ, अन्न, भण्डार, नै, बहु, देश, हो, पहिचान, बुद्ध, वीर, अनेक, पनि, हामी, भित्र, वा, पौभा, कपडा, कागज, चित्र, बौद्ध, धर्म, यस, अवलोकितेश्वर, तारा, मुनि, जन्म, त, भैरव, लहरा, घर, पुरा, रोग, वास, कायम, जस्ता, आस्था, अहिले, कला, सुन्दर, लागि, जनावर, छाला, पानी, चिल्लो, बाक्लो, झोल, कमेरो, माटो, एक, गम, माड, त्यो, फ्रेम, सेतो, कटन, सिल्क, तिन, चार, ढुङ्गा, काम, चरण, चित्र, पेपर, रङ, लाइन, सुन, माथि, तल, लेप, माध्यम, अन्त्य, अङ्ग, चरण, कुन, कस्तो, भन्ने, रातो, निलो, पहेलो, अलग्गै, साथै, कुरा, निधो, पात, बोक्रा, जरा, खानी, परन्तु, आदि, तयार, अचेल, सुरुवात, बेला, तिब्बत, बिच, आवत, जावत, सोझो, थियो, तथा, कला, समय, पहिचान, गुम्बा, नाम, इष्ट, मान्छे, उस, मन, अरू, गारो, वस्तु, क्षेत्र, शिखर, ताल, सिप, धातु, काठ, ऊन, बाँस, कपास, सामान, राडी, पाखी, गलैंचा, कागज, सस्तो, अलिक, महँगो, पेट्रोलियम, पातलो, नरम, हलुका, सानो, कोठा, राम्रो, बिक्री, पाँच, सय, फाइदा, पेसा, रुपियाँ, माग, भृकुटी,

गुरु, बारे, इज्जत, मानिस, आजभोलि, थलो, सके, राष्ट्र, साबित, सरेस, तयार, क्रम, लामा, खर्च, कर्म, पञ्च, मूल, हरियो, सँग, पछि, गौतम, समृद्ध, छन्, मध्ये, वज्रसत्त्व, यो, पटक, पनि, यसरी, सम्पूर्ण, मण्डला, चिन, भुटान ।

**व्युत्पन्न शब्द**

तराई, मधेस, अथाह, सौन्दर्य, जलस्रोत, जडीबुटी, खनिज, फुलफूल, स्वास्थ्य, पर्यावरण, त्यसरी, जातीय, भाषिक, धार्मिक, हाम्रो, सगरमाथा, वीरङ्गना, जस्तै, विविधता, एकता, जहाँ, त्यहाँ, सम्भावना, त्यसैले, सम्पत्ति, आधार, बनाउने, विषय, त्यस्तै, एउटा, लेखिएको, भन्ने, पवित्र, विशेषतः, देवी, सांस्कृतिक, मनकामना, आआफ्ना, त्यही, बर्सेनि, लिइनु, बनाइनु, तन्काइनु, सुकाइनु, घोटिनु, पग्लिनु, टल्काउनु, बनाउनु, सजाइनु, पुजिनु, घुम्नु, देवता, मैत्रेयी, शाक्य, जीवनी, लोकप्रिय, मण्डलाकार, मञ्जुश्री, वज्रपाणि, त्यसो, प्रविधि, कृष्ण, लीला, नदी, अनेक, जीवजन्तु, दर्शन, महत्त्वपूर्ण, पाठ्य, सामग्री, ध्यान, सिक्ने, साधन, समुदाय, भूतप्रेत, अनिष्ट, शान्ति, विश्वास, पहिले, साथसाथै, ज्ञान, स्रोतका, समेत, उत्कृष्ट, रूप, सर्वप्रथम, उमालेर, त्यस, प्रकार, जस्तो, यसरी, तन्काएर, शङ्ख, यसो, चित्र, योग्य, विभिन्न, प्रक्रिया, सिसाकलम, तलमाथि, उद्देश्य, उतारिन्छ, स्पष्ट, चौबिस, गुणस्तरीय, दल्ने, सुकाइन्छ, तयारी, आवश्यकता, प्रयोग, नियम, निलो, अमोघ, सिद्धि, अमिताभ, संयोजन, मुख्य, पृष्ठभूमि, भने, कहाँ, रासायनिक, बजार, उपयोग, सुरुवात, दसौँ, शताब्दी, त्यति, स्वतन्त्र, व्यापारिक, सम्बन्ध, थियो, व्यापार, व्यवसाय, गृहस्थी, पूजा, चलन, सामान्य, टिकाउ, कलात्मक, व्यवस्थित, कलाकार, पछिल्लो, कलाकृति, प्रतीक, शान्तिप्रेमी, मृतक, अनिवार्य, हरेक, आउने, कतिपय, पर्यटक, भूमि, चिनो, किन्ने, विश्व, सबै, प्रिय, विकासोन्मुख, विकसित, विश्वव्यापीकरण, उत्पादन, प्रतिस्पर्धा, संसार, मौलिक, प्रवर्धन, मुलुक, उन्नति, सम्भव, सम्बन्धी, दुवै, गन्तव्य, सर्वोच्च, झरना, नदीनाला, प्रकृति, प्रमुख, आकर्षण, रोजाइ, जाति, अझै, मौलिकता, भाँडाकुँडा, मूर्ति, बढ्दो, प्रभाव, आयातित, सङ्कट, यसै, थोरै, कच्चा, पदार्थ, निर्माण, सजिलै, उपलब्ध, स्वदेशी, अप्राप्य, विज्ञ, कामदार, स्वदेश, वातावरणीय, क्षती, ओसारपसार, ढुवानी, धेरै, लागत, तुलना, मूल्य, साथै, लाखौँ, व्यापारी, पारिश्रमिक, प्राप्त, बेरोजगारी, समस्या, समाधान, सहयोग, मुद्रा, आर्जन, वैदेशिक, सकारात्मक, प्रचार, प्रसार, गरिमा, आश्रित, संलग्न, अपाङ्गता, व्यक्ति, सहभागी, हजारौँ, बर्सेनी, जन्मथलो, सँगसँगै, सामन्ती, वरदान, कृति, मिलेर, बनाइन्छ, पर्नु, पाइनु, सिक्नु,

सिकाउनु, राख्नु, नगर्नु, गरिनु, हालिनु, पकाइनु, पारिनु, दलिनु, खाइबा, गर्नु, यस, घोलिनु, जान्छ, लगाइनु, सकिनु, खोल्नु, किन्नु, जन्मिनु, आर्थिक, अरबौँ ।

(स्रोत : *कक्षा दसको नेपाली किताब,* २०७४)

'थाङ्का' निबन्धमा जम्मा ४४१ ओटा शब्दहरू रहेका छन् । ती शब्दहरूमध्ये मूल शब्द १८१ ओटा रहेका छन् भने व्युत्पन्न शब्द २६० ओटा रहेका छन् । यहाँ शब्दगत पुनरावृत्तिलाई भने उल्लेख गरिएको छैन । तुलनात्मक रूपमा मूल शब्दहरू कम रहेका छन् भने व्युत्पन्न शब्दहरू धेरै छन् जसलाई अझ स्पष्ट पार्नको लागि तलको स्तम्भ चित्रमा देखाउन सकिन्छ :

**स्तम्भ चित्र सङ्ख्या १**

**बनोटगत आधारमा शब्दहरूको विश्लेषण**




(स्रोत : *कक्षा दसको नेपाली किताब,* २०७४)

'थाङ्का' निबन्धमा रहेका ४४१ ओटा शब्दहरूलाई १०० प्रतिशत आधार मानेर हेर्दा मूल शब्द ४१ प्रतिशत र व्युत्पन्न शब्द ५९ प्रतिशत रहेका छन् । यसरी गरिएको विश्लेषणमा मूल शब्दभन्दा व्युत्पन्न शब्द तुलनात्मक रूपमा बढी रहेको देखिन्छ ।

### ४.१.२ स्रोतगत आधारमा शब्दभण्डार

## सूची सङ्ख्या २

## स्रोतगत आधारमा शब्दहरूको विश्लेषण

**तत्सम शब्द**

सौन्दर्य, जलस्रोत, खनिज, स्वास्थ्य, पर्यावरण, अन्न, भण्डार, बहु, जातीय, भाषिक, धार्मिक, सांस्कृतिक, देश, बुद्ध, वीर, वीरङ्गना, विविधता, एकता, अनेक, सम्भावना, सम्पत्ति, आधार, विषम, वा, चित्र, पवित्र, विशेषतः, बौद्ध, धर्म, देवी, देवता, अवलोकितेश्वर, मैत्रेणी, मञ्जुश्री, वज्रपाणि, तारा, शाक्य, मुनि, जीवनी, जीवन, जन्म, मण्डलाकार, लोकप्रिय, प्रविधि, कृष्णलीला, भैरव, नदी, अनेक, जीवजन्तु, दर्शन, महत्त्वपूर्ण, पाठय, सामग्री, ध्यान, साथ, समुदाय, मन कामना, भूतप्रेत, रोग, अनिष्ट, वास, शान्ति, विश्वास, आस्था, ज्ञान, स्रोत, समेत, कला, उत्कृष्ट, रूप, सुन्दर, सर्वप्रथम, प्रकार, शङ्ख, चित्र, योग्य, विभिन्न, चरण, प्रक्रिया, उद्देश्य, स्पष्ट, गुणस्तरीय, चलन, तल, माध्यम, अन्त्य, अङ्ग, आवश्यकता, प्रयोग, पञ्च, अमोध, सिद्धि, अमिताभ, चक्र, संयोजन, मुख्य, पृष्ठभूमि, जरा, रासायनिक, वस्तु, आदि, उपयोग, शताब्दीतिर, स्वतन्त्र, व्यापारिक, सम्बन्ध, व्यापार, व्यवसाय, गृहस्थी, पूजा, सामान्य, कलात्मक, व्यवस्थित, क्रममा, कलाकार, समय, कलाकृति, प्रतीक, शान्तिप्रेमी, मृतक, नाम, अनिवार्य, इष्ट, मन, कतिपय, भूमि, प्रयोग, धर्म, प्रिय, विकसित, विश्वव्यापीकरण, युग, विकासोन्मुख, पतिस्पर्धा, संसार, मौलिक, प्रबर्द्धन, मुलुक, उन्नति, सम्भव, सम्बन्धी, क्षेत्र, गन्तव्य, सर्वोच्च, शिखर, प्रकृति, प्रमुख, आकर्षण, भाषिक, विविधता, जाति, धातु, प्रकार, मौलिकता, मूर्ति, प्रभाव, आयातित, सङ्कट, पदार्थ, उपलब्ध, स्वदेशी, अप्राप्य, विज्ञ, स्वदेश, वातावरणीय, क्षती, आवश्यकता, तुलना, मूल्य, कृति, व्यापारी, पारिश्रमिक, प्राप्त, सन्तुष्टि, समस्या, समाधान, सहयोग, देश, मुद्रा, वैदेशिक, सकारात्मक, प्रचार-प्रसार, गरिमा, आश्रित, संलग्न, अपाङ्गता, व्यक्ति, सहभागी, कतिपय, भृकुटी, गुरु, कर्म, राष्ट्र, वरदान, सँग, पछि, गौतम, समृद्ध, छन्, मध्ये, भन्ने, वज्रसत्व, यो, पारिनु, गरिनु, पटक, यस, घोलिनु, यसरी, पग्लिनु, जान्छ, सकिनु, सम्पूर्ण, मण्डाला, किन्नु, पुजिनु, घुम्नु, जन्मिनु, आर्थिक, पर्नु ।

**तद्भव शब्द**

नेपाल, हिमाल, पहाड, र, तराई, मधेस, छ, अथाह, जडीबुटी, फलफूल, स्वास्थ्य, त्यसरी, नै, हाम्रो, हो, सगरमाथा, जस्तै, जहाँ, त्यहाँ, पनि, त्यसैले, हामी, भित्र, त्यस्तै, एउटा, कपडा, भन्ने, यस, त, साथै, रुख, लहरा, सिक्ने, घर, पुरा, पहिले, साथसाथै, अहिले, लागि, छाला, पानी, उमारेर, चिप्लो, बाक्लो, झोल, त्यस, कमेरो, माटो, एक, जस्तो, माड, त्यो, सेतो, यसरी, तन्काएर, तीन, चार, ढुङ्गा, यसो, काम, तलमाथि, उतारिन्छ, रङ, सुन, चौबीस, माथि, लेप, सुकाइन्छ, तयारी, कुन, आआफ्ना, रातो, नीलो, पहेंलो, ज्याम्बला, साथै, अलग्गै, भने, कहाँ, कुरा, निधो, पात, बोक्रा, खानी, अचेल, दसौँ, त्यति, तिब्बत, बीच, आवत, जावत, सोझो, तथा, टिकाउ, त्यही, पछिल्लो, गुम्बा, मान्छे, उस, त्यसो, आउने, चिनो, किन्ने, अरू, सबै, अहिले, गारो, दुवै, ताल, झरना, नदीनाला, रोजाइ, सीप, काठ, ऊन, बाँस, कपास, अझै, राडीपाखी, भाँडाकुँडा, बढ्दो, यसै, थोरै, कच्चा, सजिलै, सस्तो, अलिक, महँगो, कामदार, पातलो, नरम, हलुका, ओसार, पसार, ढुवानी, सानो, कोठा, लागत, भन्नु, साथै, राम्रो, बिक्री, पाँच, सात, सय, लाखौँ, आजभोलि, हजारौँ, रुपियाँ, माग, जन्मथलो, थलो, सँगसँगै, सके, कस्तो, भन्ने, हरियो, मिलेर, बनेको, सँग, पर्नु, पाइनु, सिक्नु, सिकाउनु, लिइनु, राख्नु, हालिनु, पकाउनु, तन्काइ, सुकाइनु, घोटिनु, पनि, गर्नु, लगाउनु, टल्काइनु, खोल्नु, बनाउनु, गर्ने, सजाइनु, अरबौँ ।

**आगन्तुक शब्द**

पहिचान, पौभा, थाङ्का, कागज, कायम, जस्ता, सरेस, जनावर, गम, तयार, फ्रेम, कटन, सिल्क, सिसाकलम, पेपर, लाइन, ज्याम्बला, तयार, बजार, बेला, पहिचान, लामा, हरेक, सामान, गलैँचा, कागज, पेट्रोलियम, खर्च, फाइदा, बेरोजगारी, बारे, इज्जत, पेसा, साबित, गरिनु, खाइबा, मेडिसियन, चिन, भुटान ।

(स्रोत : *कक्षा दसको नेपाली किताब,* २०७४)

